D.A.O. Kathmandu Regd. No.: 451-2071/072

हरियाली रक्षक

Green Guard Bimonthly Magazine

वर्ष-४, अंक-९

Complimentary for School Children

July/August 2017



जैविक विविधता संरक्षण डढेलो नियन्त्रण विशेष

वातावरणको वेदनामा मानवीय दायित्व

- रमेश भट्टराई 'सहृदयी'

हरियाली रक्षक विभिन्न कार्यक्रममा



श्री पुरानो गुहेश्वरी मा.वि.का विद्यार्थीहरू



जैविक विविधता कार्यक्रममा विद्यार्थीहरू



ग्रामीण भेगमा वातावरण संरक्षण कार्यक्रम



संरक्षण कार्यक्रममा पुरस्कृत विद्यार्थीहरू



सरसफाई कार्यक्रममा एन्जेल्स हर्ट मा.वि.सँग



एन्जेल्स हर्ट मा.वि. वृक्षारोपण कार्यक्रममा

राजधानीको वातावरणीय अवस्था

काठमाडौ भौतिक सुविधाले सम्पन्न छ । शैक्षिक, स्वास्थयलाभको लागि विभिन्न संस्थाको कमी छैन । वातावरणीय संरक्षणका लागि राष्ट्र र अन्तर्राष्ट्रिय संघसंस्थाको बाहुल्यता छ नै । यति हुँदा हुँदै पनि राजधानीमा वन्यजन्तु अपराधका घटना, वन्यजन्तु-मानव द्वन्द्वका गुनासो एवं वन्यजन्तु उद्दार जस्ता समस्याले मुक्त हुन सकेको छैन । विद्यालयकै प्राङ्गणमा चितुवाले पढ्दै गरेका कलिला बालबालिकालाई झम्टीएका, बाटो बिराउँदै मानव वस्तीमा छिरेका वन्यजन्तु तथा अन्तर्राष्ट्रिय विमानस्थलमा समेत चराचुरूङ्गी एवं वन्यजन्तुले वास बनाएको अवस्थामा पारिस्थितीक प्रणाली खलबलीएको खबरदारी गरेको आभास हुन्छ ।

ढल, निकास, नदी प्रदुषणको समस्या बढ्दो छ । वायु प्रदुषण एवं बाटोघाटो राम्रो नहुँदा स्कूल हिँडेका बालबालिका ढलभित्र छिरेर ज्यान जोखिम अवस्थामा पुगेका घटना ताजै छ । सवारी साधनको स्वरूप बिगारेर जेटप्लेनकै आवाज सहरमा गुञ्जदासमेत राजधानी मौन छ । खाद्यान्न एवं कृषि उपजमा विषादीको प्रयोग बढ्दो छ, बालबालिकाको लागि मनोरञ्जन स्थलसमेत कोलाहल एवं प्रदूषणमुक्त छैन । बालबालिकाले हाकाहाकी विषादीयुक्त खेलौनासँग खेल्न अभ्यस्त भएका छन् । राजधानीको माटो नै प्लाष्टिकजन्य सामानले भरिएका छन् । पुरातात्वीक महत्वका वस्तु, विश्वसम्पदा सूचीमा रहेका स्थल अतिक्रमनले गर्दा वातावरणीय अवस्था झन काहाली लाग्दो अवस्थामा पुगेको छ । विगत वर्षदेखि विभिन्न शैक्षिक संस्था, मानवबस्तीमा वातावरणीय संरक्षणका अनौपचारिक कार्यक्रमबाट कैयौं विद्यार्थी, अभिभावक, शिक्षक वर्गसँग साक्षात्कार हुँदा प्राप्त सुझाव, समस्या प्रस्तुत अंकमा समेटिएको छ, सम्बन्धित निकायको लागि समेत मार्गदर्शन हुन सक्छ भन्ने आशा लिएका छौं ।

❑

Bimonthly Magazine
GREEN GUARD
Supported by:
LVDI INTERNATIONAL

Chief Editor:
Madhav Paudyal
Associate Editor:
Thaneshwor Pd. Basyal
Satchit Ghimire
Shashi Sharma
Reporter:
Biraj Pun
Hem Magar

Editor:
Bishwanath Rijal
Publisher:
Green Guard Nepal
Photo:
Green Guard
Design & Layout:
Pranaya Sindurakar

Office:
Anamnagar, Kathmandu
Mobile: 9808244120
E-mail: greenguard2016@gmail.com

Printed at:
Global Print Connection, Dillibazar

वनजङ्गल संरक्षण आजको आवश्यकता



ओएसिस देवकोटा
कक्षा : सात
महर्षि स्कुल सामाखुसी, काठमाण्डौ

अहिले हामी २१ औँ शताब्दीको जादूयी संसारमा बाँचिरहेका छौ । वैज्ञानिक आविष्कार र मानवका उच्च आकङ्क्षाले गर्दा विश्वनै जादूयी सर्कस भएको छ तर अहिले मानिसहरु विकासको नाममा वन फँडानी,वन डडेलो र वन कटान जस्ता खराब कार्यहरु गर्न तत्पर छन् । ती मध्य वन डडेलो अहिले असाध्यै हानिकारक साबित भएको छ । वन डडेलो मानव सिर्जित प्राकृतिक प्रकोप हो । मानिसले चुरोटको ठुटा फ्याँल्ने, वनभोज गरेर आगो ननिभाउने जस्ता कार्यहरु वनमा गर्दा आगलागी हुन सक्छ । आगलागी हुँदा रुख विरुवाहरु मात्र होइन त्यहाँ बसिरहेका सम्पूर्ण जनावर र चराचुरुङ्गीहरुलाई पनि हानि पुगेको छ । धरै जसो वन डडेलोहरु चैत बैशाखमा लाग्ने हुनाले यस महिनामा हामी सचेत हुन जरुरी छ । कतिपय बेइमानी तथा स्वार्थी मानिसहरुले त यही महिनामा आफ्नो वरिपरिको जङ्गलमा डडेलो लगाई त्यहाँ बाट प्राप्त काठपात चोरी निकासी गरी आफ्नो स्वार्थ पुरा गर्न पछि नपर्ने यर्थाथता पनि हामी सामु छ । त्यसो गर्दा अक्सिजनका लागि चाहिने रुख विरुवाहरु मासिदै जानुका साथै जीवजन्तु र चराचुरुङ्गीहरुको जीवन सङ्कटमा पर्ने कुराप्रति हामी सचेत हुनु पर्दछ । हानिकारक डडेलो देखि हामी प्राकृतिक संरचनालाइै कसरी बचाउने त भन्ने कुराप्रति हामी सबैको ध्यान जानु आजको समयको आवश्यकता र माग दुबै हो भन्ने कुरा नकार्न सकिन्न । यो जान्न पनि जरुरी छ कि वनजङ्गललाई डडेलो देखि बचाउनका लागि स-साना नानीबाबुहरुले देख्ने भेट्ने ठाउँमा प्रज्वलित पदार्थ नराख्ने, वनका दाउराको र वन्यजन्तुको लोभमा वनमा आगो लगाउनेलाई कडा भन्दा कडा सजाय दिने, वनमा चुरोट सल्काएर ठुटा नफाल्ने, वनभोज गरेपछि आगो राम्रोसँग निभाउने जस्ता कार्यहरु भयो भने डडेलो लाग्न केही हद सम्म भएपनि कम हुन्छ । वन डडेलो लागेपछि त्यहाँ बाट उड्ने धुवाँले वातावरण प्रदूषण मात्र होइन मानिस तथा जनावरको स्वास्थ्यमा हानि पनि पुऱ्याउँछ । साथै त्यही धुवाँले सूर्यको खतरनाक किरणहरुलाई पृथ्वीमा छिर्न रोक्ने ओजन तहमा प्वाल पारिदिन्छ । यदि ओजन तह प्वाल पऱ्यो भने हामीलाई चर्म रोग, क्यान्सर जस्ता विभिन्न रोगहरुले सताउँछन् । यदि वन मास्ने हो भने पृथ्वीमा अम्लवर्षा, अतिवृष्टि र अनावृष्टि भई विभिन्न समस्याहरु सबै प्राणीले भोग्नु पर्छ । यति मात्र कहाँ हो र ! ग्लोबल वार्मिङ्ग (भुमण्डलीय उष्णता) जस्ता प्राण घातक समस्या पनि वन डडेलोले गर्दा सुरु हुन सक्छ ।

अन्त्यमा "हरियो वन नेपालको धन" भन्ने उखानलाई चरितार्थ पार्न हामी हातमा हात, काँधमा काँध र साथमा साथ राखेर उठ्नु पर्छ । वनजङ्गलको संरक्षणार्थ जनचेतना फैलाउनु पर्छ । यदि हामीले वन डडेलो रोक्न तनमन र धन लगायौँ भने हामीले वन डडेलो जरै सहित उखाल्न सक्छौँ र हामी सबै प्राणीको साझा घर यस पृथ्वीलाई बचाउन सक्छौ ।

❑

वातावरणको वेदनामा मानवीय दायित्व



रमेश भट्टराई 'सहृदयी'
शिक्षक, सामाखुसी इङ्गलिस बोर्डिङ स्कुल, सामाखुसी

वैज्ञानिक बस्ती व्यवस्थापनको साटो भद्रगोल सहरका गल्ली मात्र नभई लगभग हरेक खुला सडक दुर्गन्धित र सौन्दर्यहीन लाग्छन् ।स्वच्छ प्रकृतिको सिरानीमा सुन्दर स्वस्थ जीवनरथ हाँक्न चाहने मानिसले रोगको कारणलाई आफैंले जन्माउँछ, प्रकृति स्वच्छताको पुख्यौंली इतिहासमा स्वार्थको ओढनी ओढाएर प्राणी अस्तित्व सङ्कटको चक्रव्युह आफैंले रच्दो रहेछ । मन्दिरमा स्वच्छ भई पूजाअर्चना गर्ने तर प्रसादका टपरी, फलोफूलो या प्लास्टिकजन्य फोहोर छेउमा मिल्काउने संस्कारबाट हामी कहाँ उम्केका छौं र ! गाउँका स्वच्छ पाखा पखेरीमा थोत्रा, पुराना जुत्ताचप्पल, प्लास्टिकले अलिअलि विस्तारवादी नीति लिएर दौडिँदै गर्दा पाटी, वनभोज या शुभ-अशुभ कार्यहरूमा सर्वश्रेष्ठ प्राणी मानिसले प्रकृतिका गर्भमा फोहोरपदार्थ फाल्नुलाई मन सानो पार्दैन । न त खुला दिसामुक्त क्षेत्रमा मानवीय स्वभावको प्रस्तुति झल्किन्छ । सिसा, टिनजन्य अपाच्य पदार्थलाई बिना हिचकिचाहट मिल्काउने आधुनिक आडम्बरमा गमक्क पर्ने मानिसले आफूलाई प्रकृति विध्वंसक हुँ भन्न त कहाँ रुचाउँछ र !

हाम्रो सनातन संस्कारले सिकाएको वृक्षारोपण, प्रकृतिसंरक्षण तथा प्रकृति पूजादेखि आजका पढाइने विषयमा राखिएका विषयलाई आज व्यवहारमा उतार्नु आवश्यक छ । विकास र परिवर्तनका नाममा कृत्रिमताको ढोल मात्र पिटेमा पुस्तौंपुस्ताले प्रकृतिको सजाय भोग्नुपर्ने कुरामा बोधगम्य हुनु अपरिहार्य ठहर्छ । वर्तमान सन्दर्भमा वायु, भूमि, ध्वनि र जलप्रदूषणको मुस्लोले मुलुकका लाखौं मानव शरीरका अङ्गप्रत्यङ्ग मक्काउँदै छ । सिङ्गो देश, कुना-कन्दरा आज विछिप्त बन्दै छन् । संसारको दौलतले किन्न नसकिने मानव जीवनलाई स्वच्छ वातावरणको आवश्यकता छ भन्ने जान्दाजान्दै सौता भित्र्याएर अनादिकालदेखि मानिसले प्रकृतिका हक र अधिकारमा अत्याचार गर्न छोडेको छैन ।

आज सिङ्गो पृथ्वी 'प्लास्टिकको ग्रह' का नामले चिनिन थालेको भयानक पीडा छ । वातावरण कुनै एक पुस्ताले उपभोग गरेर तिरस्कार गर्ने क्षणिक उपभोग्यवस्तु होइन रहेछ । प्रदूषण, जलवायु परिवर्तनजस्ता समस्याले तमाम पृथ्वीबासी सजीव प्राणीको अस्तित्वमा प्रहार गरिरहेको छ ।आज समुद्री सतह माथि उठ्दै गएको विश्वव्यापी समस्या र तथ्यप्रति विश्व समुदायले सचेत बन्नुपर्ने बेला आएको छ । जलवायु परिवर्तनको असरमा विश्वको चौथो सङ्कटापन्न मुलुक बन्दै गर्दा कतै खडेरीले बाली लगाउन नसकेका पीडा त कतै बाढी पहिरोको भय हरेक वर्ष छ । धाँजाधाँजा भएर फुटेको जमिनले सुकेको धानको बिउलाई हुर्काउने सामर्थ्य गुमाइसकेका दृश्य कति हृदयविदारक होलान् । आज मानवीय सुविधाका लागि विकसित वैज्ञानिक सामग्रीको उचित उपयोगका तथा फोहोरजन्य सामग्रीको व्यवस्थापनमा दर्बिलो तौरतरिका नहुँदा कार्बनडाइअक्साइड, मिथेन, नाइट्रस अक्साइडजस्ता ग्यासको मात्रा बढ्न थालेको छ । हाम्रो जस्तो विकासोन्मुख मुलुकमा समेत् खाद्यचक्रको असन्तुलन हुनु, तापक्रमको बृद्धि हुनु, हिउँ पग्लनु अर्थात् दैनिक जीवनका लागि अपरिहार्य

पारिस्थितिक पद्धति खल्बलिनुले चुनौति बढ्दो छ । आरोग्य र स्वस्थताको चिप्लो भाषण छाँट्ने तर हरिया पहाडलाई सुकेनास लगाएर वन्यजन्तुलाई सुकुम्बासी बनाउँदै पक्षीलाई शरणार्थी बनाउने मानिसको दुष्चरित्रमा सुधारको शङ्ख ध्वनि बजेमा मात्र प्राणी अस्तित्वरक्षाको बाटो सोझिने आशा बढ्छ । करिब ६० प्रतिशत कार्बनडाइअक्साइडलाई सोस्ने तथ्यमा 'हरियो वन नेपालको धन' उखानले व्यावहारिकता पाउनु आवश्यक छ ।

दीर्घकालीन समस्यालाई ध्यानमा राखेर हरेक बस्ती व्यवस्थापन गर्ने चुनौतिसँग जागरणको प्रवाह होस् । कुहिने र नकुहिने फोहोरलाई व्यवस्थापन गरी कुहिने फोहोरबाट प्राङ्गारिक मल तयार पारेर कृषकले करेसाबारीमा रमाउन पाऊन् । फोहोरबाट बिजुली उत्पादन गर्ने विषयमा गाँसिएको रोजगार तथा प्रदूषण सुव्यवस्थापनको दोहोरो फाइदासँग वैज्ञानिक र दीर्घकालीन योजना कार्यान्वयन् होऊन् । नकुहिने कतिपय पुनः प्रयोग गर्न सकिने, प्रशोधन गर्न सकिने तथा नवीकरणद्वारा प्रयोगमा ल्याउन सकिने सामग्रीको सूची तयार पारेर प्रदूषण व्यवस्थापनका साथमा आय आर्जन र रोजगारको दोहोरो फाइदा लिन सकिने सम्भावनाहरू छन् । निसङ्कोच, गाडीभित्रबाट फोहोर फ्याँक्नेले सजायको कठघारामा उभिनुपर्ने अनि गाडीहरूमा फोहोरका टोकरीले स्थान पाउने नियमले अब कागजमा अङ्कनु हुन्न । एउटा स्वस्थ व्यक्तिलाई छ वटा रूखले दिने अक्सिजनको आवश्यकता पर्छ । वातावरणीय संरक्षणको गम्भिर पक्षसँग पर्यटकीय गन्तव्यले नातो गाँसेको राजधानीको शोभा र सौन्दर्यमा दुर्गन्धित सहरको उपनाम गाँसिइरहेको दुःखेसो छ । प्लास्टिकको झोला प्रयोगमा प्रतिबन्ध गर्ने तर प्लास्टिक उद्योगको विकल्पसँग सरलीकरण हुन नसकेका दृष्टान्तसँग हाम्रा प्रयत्न फितला साबित बनिदिन्छन् । शरीरमा अत्तर छर्केर मुखमा माक्ससम्म लगाउने सभ्यता बनाएका हामीले रोग लागेपछि उपचार गर्नेभन्दा रोग लाग्नै नदिनु बुद्धिमानी हो भन्ने विषयमा एकाकार हुन नसकेको सत्यलाई सिद्धान्तका पानामा अङ्काउनु मुर्खता हुनेछ ।

वाग्मती, विष्णुमती लगायत सडक सरसफाइको एकता कार्यक्रम अनि राजधानीमा चक्रपथ सफाइ अभियानसँग नातो गाँसेर घरटोल सफाइ गरेमा नदी स्वच्छ रहने सुन्दर भावलाई सह्राहना गर्नैपर्छ । प्रकृति संरक्षणमा वृक्षारोपण, वातावरण तथा वन व्यवस्थापनका हरेक तह तप्काले जाग्ने कार्य ढिलो भइसकेको प्रतित हुँदैछ । अल्पकालीन तथा दीर्घकालीन योजनासँग एकताको नातो गाँसेर पर्यावरणीय स्वच्छताको महायज्ञमा सचेत नागरिक अवश्य होमिन्छ । थोत्रा सवारी साधनलाई विदाइको सिन्दुर पहराएर वैज्ञानिक यातायातका व्यवस्थापनका योजनासँग राहतको रङ्ग गाँसिन्छ । फोहोरका टोकरीले कुना कन्दरामा भिक्षादान माग्न थालुन्, दीर्घकालीन वैज्ञानिक बस्ती व्यवस्थापनको नीतिले जिउन पाओस्, अब । कुहिने र नकुहिने फोहोरबाट रुपैँया फल्दै गर्दा 'फोहोरबाट मोहर' भन्ने भावसँगै किसानले प्राङ्गारिक मललाई कोठेबारीमा घोप्ट्याओस् । कोही फोहोरबाटै बिजुली उत्पादनमा जुटून्, वैज्ञानिक र दीर्घकालीन प्रदूषण नियन्त्रण र रोजगारको दुई हातका लड्डु फलोस्- नेपाल आमाका आग्रहस्वर गुञ्जिरहेकै छन् । पुनः प्रयोग गर्न सकिने, प्रशोधन गर्न सकिने तथा नवीकरणद्वारा प्रयोगमा ल्याउन सकिने सामग्रीको सूची तयार पारेर प्रदूषण व्यवस्थापनका साथमा आय आर्जन र रोजगारको दोहोरो फाइदाका सम्भावनाहरू तड्पिरहेका छन्- सभ्यता सिक्न लालायित मानवबस्तीहरू । साथमा कानुनको दायराले निःस्वार्थ र दादावादका धब्बाबाट बच्न आम नागरिकको दायित्व जोडिन्छ । धुवाँरहित इलेक्ट्रिक यात्रु बस सञ्चालन गर्नसक्ने सम्भाव्यता बोकेको राजधानीले कमसेकम सडकका छेउमा प्रचारका लागि मात्र नभएर अपरिहार्य स्वच्छताको हरियाली वृक्षरेखामा साइनो जोडोस्, अब ।

राजधानीजस्ता सुविधा, रोजगार, शिक्षा या त अवसरका आशाले आकर्षित हुने विकसित सहरमा बाटोघाटो हेर्दा सास फेर्न गाह्रो, अर्कोतिर महङ्गीको चटारो । वर्षात्ले सास फेर्ने बाटो बनाउँदै गए हिलाम्मे हुनै पर्छ, वर्षात् रोकिएको केही घण्टामै उस्तै धुलाम्मे सहरबासीका स्वस्थतामै सङ्कटका लप्काले हिर्काइरहेका छन् । तब त काठमाडौँलाई धुलमाण्डौँ, डस्टमाण्डौँको उपनाम मिलिरहन्छ । ठूलो बोर्डमा या घरका भित्तामा 'यहाँ फोहोर फाल्नेलाई ५०००।- जरिवाना दिलाइनेछ' भनी लेखिइर्राहिएको हुन्छ तर कसैको आँखा छलेर वा रात-साँझको मौका छोप्दै दुर्गन्धित बस्तीका सुगन्धित मानिसले फोहोरको पोको भ्यालबाहिर मिल्काइएका तथ्य खोज्न टाढा जानै पर्दैन । विकासले विनास नहोस् भन्ने भावना र प्रतिक्रियाका उद्गारले स्थान ओगटिरहेका छन् तर यो आवश्यकतामा खुशीको प्रतिक्षा पनि जोडिएको छ । बढ्दो असचेत तथा अव्यवस्थित सहरीकरण र औद्योगीकरण, परम्परागत इँट्टाभट्टा तथा कोइला प्रयोग, पुराना सवारी साधन लगायत धुवाँ प्रदायक कारखनाहरूबाट निर्लज्ज फ्याँकिएका प्रदूषणका डङ्गुरले प्रकृति धमिलिँदो छ ।

दिनानुदिन बालबच्चाका कलिला मुटुले स्वच्छ वायु फोक्सोमा प्रवाहित गर्ने अधिकार निमोठिँदै छन् । वायुप्रदूषणकै कारण लाखौँ मानिसले यमढोका ढक्ढक्याउनु परेको अनि काठमाडौँमा मापदण्डभन्दा पाँचौँ गुणा बढी प्रदूषणले घेरिसकेको प्रतिवेदनलाई विश्व स्वास्थ्य सङ्गठनले बताउँदा नेपाली मन चस्किनुपर्छ । युनिसेफको प्रतिवेदनअनुसार विश्वकै प्रदूषित सहरको ओहोदामा नयाँ दिल्ली साथमा पटनासमेत् परेलगतै काठमाडौँको रत्नपार्कको प्रदूषण मापन यन्त्रद्वारा मापन गरिएको वायुप्रदूषणको बढ्दो मात्राले नेपाली जनजीवनलाई सचेत रहनुपर्ने आवश्यकतामा तातो लगाएको प्रतीत हुन्छ। वर्षात्को शुद्धता अभावका अलावा लगभग २०० दिनभन्दा बढी मापदण्ड विपरित वायुले राजधानीमा डेरा जमाएका त्रासद प्रमाण फेला परेका छन्- कारण, राजधानी उपत्यकालाई छोडेर हावाले बाहिरिने बाटै भेट्दैन- विज्ञको मत छ। लोभ, विलासिता, मानसिक कल्मषको जालोमा बेरिएको मानिस प्रकृतिलाई नेपथ्यमा छोडेर एक्लै दौडन चाहँदा मेडिकल जर्नल द लासेन्टद्वारा जारी प्रतिवेदनमा हरेक वर्ष १० लाखभन्दा बढी मानिसले वायुप्रदूषणकै कारण मृत्युवरण गर्नुपरेको तथ्य निस्किन्छ। १४ प्रतिशत क्यान्सर रोगीले मृत्युकै बाटो रोज्नुपरेको अनि फोक्सोजन्य रोग, टाउको दुख्ने, खोकीजन्य अल्पकालीन तथा दीर्घकालीन रोगले सताउने, खाना रुची नहुने, बान्ता हुने, वाकवाकी लाग्नेजस्ता सरुवा तथा नसर्ने रोगका असर देखिएका र भोग्दै गरिएका तथ्यहरूलाई सञ्चार माध्यमद्वारा सचेतनाका लागि पस्किरहिएकै छन् । कतिपय अपरिचित रोगसँगै नाक, कान, घाँटी, मुटु, नसा, फोक्सोजस्ता अति संवेदनशील अङ्गमा प्रदूषणको प्रत्यक्ष प्रहार हुने चिकित्सकहरूको मतले नेपाल आमाको परेली ओभाउन पाएको छैन । विषादीले सजिसजाउ बासी तरकारीका साथमा दूषित पानीको थप परिकारको फलस्वरुप हस्पिटलका लेखा शाखामा मोटो रकमको कारोबार बढिरहन्छ । अतः गरिखाने भाँडो बनाएर कालोधन बटुल्ने नीच सोचमा होइन सम्पूर्ण प्राणीको अस्तित्व बचाउका लागि प्राकृतिक संरक्षण, सन्तुलन, सम्बर्द्धन तथा विकास रक्षासँगै फोहोरलाई मोहोरमा बदल्न सक्नुपर्छ । ❑



जैविक विविधताले भरिपूर्ण देश

पेमा पासाङ
कक्षा-११
श्री सहयोगी उच्च मा.वि., गोकर्णेश्वर

देशको कुल क्षेत्रफलको ४४.७४ प्रतिशत क्षेत्रफल वनजङ्गलले ओगटेको छ । नेपाल विकाशोन्मुख राष्ट्र भएकाले यहाँ विकासका कार्यहरु अघि बढिरहे पनि आम जनताको जिविकोपार्जनका लागि वनजङ्गललाई प्रमुख मानिन्छ । यहाँका मानिसहरु घाँस, दाउरा, काठ, पूननिर्माण आदिका लागि सामुदायिक वनमा नै आधारित रहेको पाइन्छ । यसरी वनबाट विभिन्न आफ्ना आवश्यकताहरु प्राप्त गर्ने क्रममा प्राकृतिक वा जैविक रुपमा वनमा आगोलागी हुन जान्छ । वास्तवमा भन्ने हो भने वन डढेलो भनेको वनमा लागेका आगोका कारण त्यहाँका सम्पूर्ण वनस्पति मात्र नभई त्यहाँका जङ्गली जनावरहरुको बासस्थान समेत नष्ट भई प्राकृतिक स्वरुपमा नै परिवर्तन आउने प्रणालीलाई बुझाउँछ । मानिसहरुले आफ्ना स्वार्थ पुरा गर्नका लागि जानी नजानी वा प्रत्यक्ष अप्रत्यक्ष रुपमा दिनहुँ वनजङ्गलमा डढेलो लगाउने गरेका छन् ।

यसरी वनजङ्गलमा दिन प्रतिदिन आगोलागी वा वन डढेलो बढ्नुमा विभिन्न कारणहरु रहेका छन् । यसमा प्राकृतिक तथा जैविक कारणहरु मुख्य मानिन्छन् । प्राकृतिक कारणहरुमा सुख्खा पहिरो जाँदा त्यहाँका विशाल चट्टानहरु एकआपसमा ठोकिन गई त्यसबाट निस्कने झिल्कालाई आगोलागीको मुल कारण मानिन्छ । त्यसैगरी जैविक कारणमा मानिसहरुको हेलचेक्याइ, अज्ञानता, स्वार्स्थपूर्ति जस्ता कारणले पनि वनमा डढेलो लगाइन्छ । वनमा आगो लगाउँदा त्यसबाट विभिन्न प्राकृतिक विपत्ति आइपर्छ भन्ने कुराहरु थाहा नभएको कारण पनि वनमा आगोलागि हुन्छ । गाउँघरमा गोठालो जाँदा चुरोट बिडि सल्काएर सलाईको टुक्रा जथाभावी फाल्ने, चुरोटका टुक्रा जथाभावी फाल्ने, राम्रो घाँसका टुक्राका लागि वनमा जानीजानी आगो लगाउने, वनमा गएर वनभोज गरी राम्ररी आगो ननिभाउने जस्ता कार्यले पनि वनमा डढेलो दिन प्रति दिन बढिरहेको छ । भन्छन्, "हरि यो वन नेपालको धन", तर यस्तो राष्ट्रिय धनका रुपमा गनिने वनजङ्गललार्य दिन प्रतिदिन यसरी आगोलागीबाट विनास गर्दै प्राकृतिक असन्तुलन निम्ताउनु भनेको हामी सम्पूर्ण प्राणीहरुको विनास हुनु हो । त्यसैगरी आजकल विकास निर्माणका नाममा वनजङ्गलहरु जथाभावी विनास गरी सडक खन्ने गरेको पाइन्छ । वनविनासको मुख्य कारणका रुपमा जनसङ्ख्या वृद्धिलाई लिन सकिन्छ । जब जनसङ्ख्या अधिक वृद्धि हुन्छ तब त्यसको आवश्यकतालाई परिपुर्तिका लागि पनि वन विनास वा वनमा डढेलो लगाउने गरेका पाइन्छ । यसरी दिन प्रतिदिन बढिरहेका वनजङ्गलको विनास, आगलागी, वन डढेलो लाई रोकी प्राकृतिक सन्तुलन कायम राख्नु हामी सबै मानव जगतको कर्तव्य हो । त्यसका लागि निम्नानुसार उपायहरु अपनाउन सकिन्छ ।

सर्वप्रथम वन डढेलोबाट प्रकृतिमा पर्ने असरबारे आम जनतामा जानकारी वा जनचेतना जगाउने गर्नुपर्छ । जथाभावी रुपमा सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गर्ने । निजी स्वार्थ जस्तै काठ, दाउरा, घाँसका लागि वनविनास नगर्ने । केही गरी वनजङ्गलका छेउछाउमा आगोका काम गर्नुपरेमा होशीयारी अपनाउने । वनजङ्गलमा जाँदा, वनभोज जाँदा आगो राम्ररी नियन्त्रण गर्ने । कहीगरी यसरी व्यक्तिगत स्वार्थका लागि वनमा डढेलो लगाएको पाएमा कडा भन्दा कडा कारवाही गर्ने इत्यादीलाई वन डढेलो रोकथामका उपाएका रुपमा लिन सकिन्छ ।

❑

हाम्रो जीवजन्तु, वन र वातावरण



रोश्ना पौडेल
कक्षा : नौ 'ख'
सामाखुसी इङ्गलिस बोर्डिङ स्कुल

पृथ्वीको चारैतिर फैलिएको हावालाई हरतरहले शुद्धता वा सफापन कायम राख्नुलाई वातावरण संरक्षण भन्ने बुझिन्छ । स्वस्थ रहन स्वच्छ वातावरणको अपरिहार्य आवश्यकता पर्छ । हरेक सभ्य मानवले वातावरण जोगाउन डढेलो लगाउनेजस्ता कार्यमा सचेतना अपनाउँछ । प्रकृति र जीवजन्तुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । 'हरियो वन नेपालको धन' भन्ने नारासँग एकाकार हुन 'फेन्ड्स अफ जु' जस्ता कार्यक्रमले भूमिका खेल्छन् । 'हाम्रो जीवजन्तु, हाम्रो वातावरण र वन : संरक्षण गरौं लगाइ तन, मन र धन' भन्ने मूल नारासँग डँढेलो नियन्त्रणमा टेवा पुग्छ । वन संरक्षण गर्नु अमूल्य जडिबुटि संरक्षण गर्नु हो, जङ्गली जनावर जोगाउनु हो अनि सुन्दर पर्यावरणलाई हरेक प्राणीका लागि बाँच्न योग्य बनाउनु हो ।

चुरोटका ठुटा जथाभावी असचेत बनेर फाल्दा सुन्दर प्रकृति, वन र धन त कहिले जनको समेत विनास हुन्छ । प्रकृतिलाई बलात्कृत बनाउनेलाई कानुनको कठघरामा उभ्याइने र वातावरण संरक्षकलाई सिन्दुर जात्रा गर्ने नीतिलाई नेपाल आमा स्वीकृति दिन चाहन्छिन् । मानिस स्वयम्का कारण आफूलाई त खतराको घण्टी बजाउँदै छ साथमा अन्य स्वतन्त्र जीवजन्तुदेखि किटपतङ्गको समेत घरबार तोडिएका तीता यथार्थ छन् । नदी, हावा, रुख या त सारा हरियालीलाई मानिसले धमिल्याएको छ । जल, माटो, वायु र ध्वनि प्रदूषणका कारण मानिस आफैंले प्रकृतिमा सौता हालेको छ । मानिसले सदियौंदेखि भौतिक विकासका नामले हरेक प्राणीको स्वच्छ श्वासप्रश्वास गर्न पाउने अधिकारमा प्रहार गर्दै आएका तीता यथार्थ हामी सामु छन् । अब हाम्रै कारणबाट सृजित प्राकृतिक विपत्तिका दुष्परिणामप्रति सबैले सचेत र सतर्क बन्दै वन संरक्षण र वन डढेलो व्यवस्थापनमा कम्मर कस्नै पर्छ । तथ्याङ्कलाई नियाल्दा ६४ प्रतिशत वन डढेलो व्यक्तिले जानीजानी लगाउँछन् । ३२ प्रतिशत अचानक दुर्घटनाले र बाँकी ४ प्रतिशतको स्रोत थाहा नहुने कुरा वन डढेलो विषयका जानकार सुन्दर शर्माको भनाइ स्मरणीय छ । त्यसमा पनि ८० प्रतिशत भन्दा बढी आगलागी मध्य फागुनदेखि मध्य वैशाखसम्म लाग्ने उहाँको विचार रहेको छ ।

नेपालमा सन् २००९ मा डढेलोमा परी सबैभन्दा धेरै ४९ जनाको र गत वर्ष सन् २०१६ मा ११ जनाको मृत्यु भएको तथ्याङ्क छ । डढेलोकै कारण हज्जारौं हेक्टर वन र वन्यजन्तु विनास भइरहेका छन् । वनविज्ञ केशव खनालका अनुसार वन डढेलो पनि जलवायु परिवर्तनको कारण बन्दै गएको भयावह स्थिति नेपालमा छ । गत वर्ष ५० हजार हेक्टरमा आगलागी भयो, यसवर्ष ३ लाख ५० हजार हेक्टरभन्दा बढी आगलागी भएको तथ्याङ्कलाई वन विभागले पस्किनु पनि नेपालीका लागि भयावह कुरा हो ।

सह्राहनीय पक्ष छ- वन तथा भू-संरक्षण मन्त्रालयले डढेलो नियन्त्रण कक्ष निर्माण गर्ने जनाएको समाचार सुन्न र पढ्न पाइएको छ । यसर्थ अब त सञ्चार माध्यमबाट सचेतनासँगै तालिम, गोष्ठी, अन्य जनचेतना, प्रचार सामग्री प्रकाशन तथा वितरण गर्दै जानु आवश्यक छ । सुरक्षा निकायद्वारा सबल सहकार्य गर्ने ग्रामीण टिम वा युवा समूहको खाँचो महसुस हुन्छ । पैसा नलाग्ने टोल फ्रि नम्बर व्यवस्थापन गने कार्यदेखि सामाजिक सञ्जालबाट सचेतना, सुझाव र सल्लाहसँगै सहयोगीलाई प्रोत्साहनका कार्यक्रमलाई घर-घर, दैलो-दैलोसम्म सञ्चालन गरिनु आवश्यक छ ।

आज स्थलचर प्राणीलाई मात्र नभइ वन विनास र वन डढेलोका कारण जलचर प्राणी समेत् धराशायी बन्दै छन् । अतः प्रत्येक व्यक्ति, समुदायका मानिस यो संवेदनशील विषयमा सचेत बन्नै पर्छ । यस्तो गहन विषयमा समेत् कानमा तेल हालेर बस्नु भनेको त भावी पुस्ताको स्वतन्त्रतामा प्रहार गर्नु हो । यो वातावरण केवल यो समयका, यो पुस्ताको मात्र उपभोग्य सामग्री होइन । अब डढेलो नियन्त्रण गर्न ठाउँ-ठाउँमा पोखरी निर्माण गर्नुपर्छ । पानी ट्याङ्कीका साथै पानीका मुहानलाई व्यवस्थापन गर्नु आवश्यक छ । सुख्खामा हुने यी जोखिममा ट्याङ्कर, ट्रक वा अन्य उपभोग्य नवप्रविधिलाई प्रयोगमा ल्याउने सचेतनाको उत्तिकै खाँचो छ । ग्रामीण क्षेत्रमा अवस्थित आमा समूह, युवा संघ-संस्था वा अन्य सामूहिक पूर्वसचेतनामा समयानुसार पूर्वतयारीका र पूर्वजागरणका योजना निर्माण गरिनु वैज्ञानिक हुने देखिन्छ ।

अब होर्डिङ बोर्ड राखियोस्, गाउँ बस्तीको निकट जोखिम वन क्षेत्रको सीमाङ्कन, अन्तर्क्रिया, संवाद, छलफल गरियोस् । विद्यालय, कलेजस्तरीय सचेतना होस् । समन्वयात्मक डढेलो नियन्त्रण सञ्जाल बनोस्- फलतः प्रकृतिले बँच्न पाउँछ साथमा सारा सजीव प्राणीको अस्तित्व रहन्छ । आगलागी, डढेलोको सिकार उत्पीडित समुदाय नै बनेका छन् । अतः हामी दैलो-दैलोमा पुगेर सचेतना ज्याली गर्न, गराउन सक्छौं ।

नेपालको सन्दर्भमा मानवीय कारणबाटै बढी डढेलो लाग्ने गरेको देखिन्छ । वन पैदावर सङ्कलन, वन अतिक्रमण, चोरी सिकारी लगायत खेती किसानीका लागि लगाइने आगो मुख्य कारण बनेको पाइन्छ । कानुनतिर नै हेर्ने हो भने मुलुकी ऐन २०२८ ले आगो लगाउनेलाई फौजदारी अभियोगका रूपमा लिएको छ । २०२९, २०४९ ले कानुनी अपराधमा सजायको प्रावधान राखेको छ । नीति जे जति बने पनि यो विषय बोल्नेभन्दा व्यवहारमा उतार्ने विषय हो । वातावरण संरक्षण स्थानीय तहदेखि राष्ट्रिय तहसम्म हुँदै जानु आवश्यक छ । नाङ्गा, फुस्रा फाँट र डाँडाहरूमा वृक्षारोपणको महायज्ञ सुचारु हुनु अत्यावश्यक छ । अब समाज र सरकार वातावरण स्वच्छतामा जुट्ने तथा वन डढेलो नियन्त्रण र संरक्षणरूपी प्राकृतिक न्याय व्यवस्थापनको खाँचो महसुस हुँदै गएको छ । सन्तुलित वातावरणका लागि मानवीय व्यवहारमा सचेतना र नीतिगत योजना नितान्त आवश्यक छ । अन्तमा,

वातावरण संरक्षण हाम्रो धर्म
डढेलो नियन्त्रण हो सुन्दर कर्म ।

❑

वनजङ्गल संरक्षणको लागि आवश्यक



अनु के.सी
कक्षा-१०
महर्षि स्कुल सामाखुसी, काठमाण्डौ

वनजङ्गल हामी सबै मानिसको लागि चाहिने निकै आवश्यक कुरा हो तर वैज्ञानिक आविश्कारका कारण वनजङ्गल नास हुदै गइरहेको छ । हामीले वनजङ्गलबाट आवश्यक पर्ने जडिबुटी, दाउरा, घाँस आदि पाउँछौं । मानवकै अविवेकीका कारण अहिले वनजङ्गलमा डडेलो लागेको खबर हामी समाचारमा हरेक दिन सुनिरहेका हुन्छौं । वनजङ्गल डडेलोले मानवमा मात्र नभएर वनजङ्गलमा भएका पशुहरुलाई पनि असर पुऱ्याइराखेको हुन्छ । डडेलो लाग्नुको धेरै कारण हुन्छन् जस्तै मानिसहरु रमाइलो गर्नका लागि आघ्नो परिवार र साथीभाईहरुसँग वनभोज जान्छन् तर उनीहरुले खाना पकाउँदा बाँकी भएको आगो राम्रोसँग ननिभाउँदा वनजङ्गलमा डडेलो लाग्ने सम्भावना हुन्छन् । कोही मानिस जङ्गलमा हिँड्दा उनीहरुले खाएर बाँकी भएको चुरोट ठुटा ननिभाई जथाभावी फाल्छन् जसका कारण डडेलो लाग्छ । यति मात्र नभएर मानवहरु खेतमा मल बनाउनकानिम्ति वनजङ्गलको छेउछाउमा सुकेका पातहरु जलाउँछन् र त्यसलाई बिर्सजन नगरी जाँदा डडेलो लाग्ने गर्दछ । कुनै मानिसहरु त चोरी निकासी गर्नका लागि वनजङ्गलमा आगो लगाइदिन्छन् । यसले गर्दा पनि डडेलो लाग्छ । वनजङ्गल हामी सबै मानिसको लागि हो । हामीले यहाँबाट सास फेर्नका लागि अक्सिजन पाउँछौं । वनजङ्गलमा डडेलो लाग्दा हामीलाई निकै बेफाइदा हुन्छ । हामीलाई आवश्यक पर्ने वनस्पति बोटबिरुवा, दाउरा, घाँस आदि वनजङ्गलमा डडेलो लाग्दा नाश भएका कारण यसप्रति ध्यान दिनु हामी सबै मानिसको कर्तव्य हो । यसका लागि हामीले जनचेतना फैलाउनु आवश्यक छ । हामी मानिसले वनजङ्गलमा कुनै पनि क्रियाकलाप गर्दा स-साना कुरामा ध्यान दिन सक्यौं भने डडेलो नियन्त्रण गर्न सकिन्छ । जनताहरुले मात्र नभएर वनसंरक्षकले पनि वनको राम्रोसँग रेखेदेख गनुपर्छ र जसले चोरीका लागि वनमा डडेलो लगाउँछ त्यसलाई कडा भन्दा कडा सजाय दिनुपर्दछ ।

अतः यी सबै कुरामा ध्यान दिन सक्यौं भने वनजङ्गल डडेलो नियन्त्रण गर्न सकिन्छ, त्यसका लागि हामी सबै एकजुट हुनुपर्दछ । ❑



जैविक विविधता बारे जनचेतना



सविता देवकोटा
कक्षा-१०
नागार्जुन ठूलागाउँ मा.वि., जितपुरफेदी

यस पृथ्वीमा मात्र जिवहरुको अस्तित्व रहेको छ । यसैले यसलाई जिवित ग्रह पनि भनिन्छ । यसमा मानवमात्र नभई अन्य जिव, जिवात्मा, विभिन्न वनस्पति, सुक्ष्म जिव आदिको अस्तित्व छ । यिनीहरु वीच एक आपसमा जैविक विविधता छ । जैविक विविधताको धनी देश नेपालले संरक्षण प्रयासमा सफलता मात्र हासिल गरेका छैन विभिन्न किसिमका समस्या र चुनौतीको सामना गर्नु परिरहेको छ । चोरी शिकारी ज्यादै संगठित हुदैछ र यसले दुर्लभ वन्यजन्तुमाथी नोक्सान पुऱ्याइरहेको छ । जस्तै वन पैदावरको तस्करी, वनविनाश यी कार्यहरु वनसंरक्षण चुनौति सावित भएका छन् । विश्वभरी नै जैविक विविधताको विनास दृतगतिले भइरहेको छ । जसले गर्दा ठुलो संख्यामा बिभिन्न प्रजाति आउँदो ३० वर्ष भित्र लोप हुने अनुमान गरिएको छ । वातावरणीय समस्याहरु समाधान गर्न विद्यार्थीहरुको महत्वपूर्ण भूमिका हुन्छ । जस्तै जनचेतना फैलाउने, जैविक विविधता सम्बन्धी विभिन्न कार्यक्रमहरु सहभागी भई जैविक विविधताको महत्व वारे प्रकाश गरी समाज गाउँ र राष्ट्रमा सन्देश पुऱ्याउन संवाहक वन्न सक्नु पर्दछ । ❑

संरक्षणले आर्थिक विकास



विवेक घिमिरे
कक्षा-१०
नागार्जुन ठूलागाउँ मा.वि., जितपुरफेदी

कुनै ठाउँमा भएका प्रजाति अनुसारको सङ्ख्यातमक गणना नै त्यस ठाँउको जैवीक विविधता हो । जैवीक विविधता विनाको यो संसार सम्भव नै छैन् । जैवीक विविधता पृथ्वीको लागी आत्यावश्यक छ । जसले गर्दा पारीस्थितीक प्रणाली सञ्चालन भएको हुन्छ । जैवीक विविधताले गर्दा बिभिन्न जनावरको अस्तित्व रहेको छ, कृषि उत्पादन एवं वनस्पतीहरुको संरक्षण भएको छ । यती मात्रै कहाँ हो र जैवीक विविधताले गर्दा देशमा पर्यटन विकास हुन्छ । अझै जैवीक विविधताको संरक्षणले देशको आर्थिक विकास हुन्छ । खासगरी भन्नुपर्दा जैविकविविधतामा विद्यार्थीले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । देशका वातावरण संरक्षणका विषयमा आफु भन्दा अग्रजहरुलाई बाटो समेत देखाउदछन् । स्कुलमा पढेका वा आफ्ना वरिपरि देखिएका वातावरणीय समस्याका बारेमा विभिन्न लेख रचना मार्फत पनि जनचेतना जगाउन सक्दछन् । अझ् भन्ने हो भने विद्यार्थीहरुले विभिन्न संघसंस्था मार्फत गरिएका जनचेतना मूलक कार्यक्रममा आफ्ना विचारहरु प्रकट गरेर समेत राष्ट्रको लागि सहि मार्ग दर्शक बन्न सक्दछन । ❑

स्वस्थ रहन स्वच्छ हावाको आवश्यकता



प्रकाश खतिवडा
कक्षा : नौ 'क'
सामाखुशी इङ्गलिस बोर्डिङ (सेब) स्कुल

वातावरण शब्दले मूल रुपमा पृथ्वी वरिपरीको हावालाई जनाउँछ । त्यही हावालाई हरतरहले स्वच्छ र स्वस्थ राख्नुलाई नै वातावरण भनिन्छ । स्वस्थ दिमागमा स्वच्छ विचारको बास हुनेहुनाले मानिसलाई स्वस्थ रहन स्वच्छ हावाको आवश्यकता पर्दछ । आजको २१ औँ शताब्दीमा आएर मानिसले आफ्नो स्वार्थ पूरा गर्न वातावरणको विनाश हुनुमा डढेलो लाग्नुले ठूलो भूमिका खेलेको छ । मानिसका अविवेकी क्रियाकलापका कारणले आज डढेलोको मात्रा बढिरहेको छ । वन संरक्षण गरेर डढेलोको नियन्त्रण गर्नु केवल वातावरण संरक्षण गर्नु होइन अमूल्य जडिबुटी जोगाउनु हो, जङ्गली जनावरको संरक्षण गर्नु हो अनि सुन्दर पर्यावरणलाई हरेक प्राणीका लागि बाँच्न योग्य बनाउनु हो ।मानिसको असचेतनाको कारणले डढेलोको सङ्ख्या बढेको छ । चुरोटका ठूटा जथाभावी फाल्नाले सुन्दर प्रकृति वन र धन त कहिले जनको समेत विनाश हुन्छ । प्रकृतिलाई भत्काउनेलाई कानुनको कठघरामा उभ्याइने र वातावरण संरक्षकलाई सम्मान गर्ने नीतिलाई अपनाउनुपर्छ । मानिस आफू त यस्ता कारणले समस्याको खाल्डोमा पुरिन्छ तर आफूसहित कयौँ मानिसलाई समेत् समस्याको खाल्डोमा हाल्छ ।

आज मानिसले जल, वायु, हावा र ध्वनि प्रदुषणका कारण प्रकृतिलाईकुरुप बनाइरहेको छ । आज अत्याधुनिक विकासको नाममा सजीव प्राणीले स्वच्छ श्वास प्रवाह गर्न पाउने अधिकारमा प्रहार गर्दै आएको छ । यिनै अविवेकी क्रियाकलापले गर्दा दिन प्रतिदिन डढेलोको सङ्ख्या बढिरहेको छ । गत वर्ष ५० हजार हेक्टरमा आगलागी भयो, यसवर्ष ३ लाख ५० हजार हेक्टरभन्दा बढी आगलागी भएको तथ्याङ्क छ । अब यस संवेदनशील विषयमा अन्तरक्रिया, संवाद र छलफल गरिँदै जानु आवश्यक छ । ठाउँ-ठाउँमा सचेतनाका लागि होर्डिङ बोर्ड राखेर जोखिमयुक्त क्षेत्रहरूको सीमाङ्कन गरी सबैलाई जानकारी गराउनु आवश्यक छ । विद्यालय र कलेजस्तरीय सचेतना हुनु आवश्यक छ भने डढेलो नियन्त्रण सञ्जाल निर्माण गरिनु आवश्यक छ । फलत : प्रकृतिले बाँच्न पाउँछ र साथमा मानिस लगायत सारा प्राणीले स्वतन्त्रपूर्वक बाँच्न पाउँछन् ।

डढेलोको असरलाई नियाल्दा त यस प्रकारका संरक्षकीय कार्यको साथमा मानवीय सचेतनामा पनि जोड दिनुपर्छ । डढेलोले यत्रो असर पार्दा पनि हामी किन चुप लागेर बसिरहेका छौँ । शिक्षित भएर पनि कति दिन आँखामा पट्टि बाँधेर बस्ने ?आज डढेलोले गरेको जङगलविनाशलाई हेर्दा मानिस दुईतिरबाट आराले काटिसकेको तर ढल्न नसकेको र दुःखका आँसु पिउँदै बसेको छ । आज मानिस यतिसम्म तल झरिसकेका छन् कि- पर्दा अगाडि वन जङ्गलको संरक्षण र सिर्जनाको नारा घन्काउँछ र पर्दा पछाडि वन विनाशगरी अमूल्य जडिबुटीको कालो बजारी गर्ने सपना देख्छ । यसैले हामी सबै मिलेर वातावरण संरक्षणका लागि वन डढेलो नियन्त्रणमा हातेमालो गनुपर्छ । यो हामी सबैको परम् दायित्व हो । ❑

Students role in Bio-diversity Conservation



Prashant Subedi
Class-10
Angles' Heart School, Manmaiju

Environment is the composition of all biotic and abiotic component present in the surrounding that gives continuity to its life span along with us, human. Here, the word biological is similar meaning with word bio-diversity. Bio means all the biotic compenent like plants, animals, human of our nature. While the word diversity refers to difference or variation seen in the cultural, lingual, physical as well as biological composition of the whole world. Combination of these two words bio and diversity in biodiversity gives meaning of diverse, variation occur or seen in the biological component like plants, animals and difference like genetic species and ecosystem level.

If we look to world's bio-diversity we can determine that no of mammals are 4,675, aves 10,000 reptitles 7870, amphibians 4780 and fishes less that 10,000. Apart from this, if we look to Nepal biodiversity number of mammals are 212 with 4.4% aves 876 with 8.76% reptiles 123 with 1.9% amphibians 117 with 1.6 and no of fishes is 230 with the sharing percentage of 2.4. (ref. Nepal National Biodiversity strategy and Action plan, 2014-2020). Due to global warming and different natural calamities like flood, landslide causing negative impacts to the bio-diversity. so for the first time, In 1972 AD, Nepal raised the voice for the conservation of bio-diversity so, the different organizations and INGO's as well NGO's have been established for the conservation of bio-diversity. In the world; IUCN, ICIMOD, WWF are some organizations playing important role in biodiversity conservation.

We Students; who gain knowledge, education, skills from their respective subjects. Education or learning process can be distinguish formal and informal way. Education learned from schools, colleges, university is a formal education while education gained from society, family and an individual is informal education. We have heard about many big personality MBB Shah, Mahatam Gandhi, BP Koirala, Abraham Lincoln, Nelson Mandela who were students and have contribute in their own field. Likewise, in bio-diversity conservation also students can play a vital role for the conservation and promotion of the bio-diversity of the whole world. Students can perform a crucial role of bridge connecting the words bio-diversity and its conservation. Students can performed their roles by both principally and practically method.

We students can play a crucial role by publishing news about bio-diversity in newspapers, articles in magazines. In practical method, they can do great work by guiding people society and community members and their relatives for conserving the bio-diversity with simple and effective way like planting tree, keeping the environment clean and so on. By going to different school and forming eco clubs for different cleaning campaign like Bagmati cleaning campaign which has competed 200 weeks and has become a inspiration for all know this is the world of modernization and now a days people are engaged in different social website. So, the students who are eager to conserve the bio-diversity of the whole world can upload different inspirational videos about environment and biodiversity conservation in YouTube and other social website for motivation and conservation of bio-diversity from students.

❑

तारकेश्वर नगरपालिकामा वृक्षारोपण कार्यक्रम



सरोज गोतामे
मुड्खु भन्ज्याङ्ग टोल विकास समिति



विद्यार्थीहरु वृक्षारोपणमा



नेपाली सेना, प्रहरी र स्थानीयहरु वृक्षारोपणमा

२०७४ साल श्रावण र भदौ महिनामा हरियाली रक्षकको पहलमा तारकेश्वर नगरपालिका वडा नं. ५ मुड्खु भन्ज्याङ्ग टोल विकास समिति र एन्जेल्स हर्ट एकेडेमीको बन्न लागेको नयाँ संरचना क्षेत्रमा झण्डै ५००० भन्दा बढी बिरुवा वृक्षारोपण गरियो ।



एन्जेल्स हर्टका विद्यार्थीहरु वृक्षारोपणमा



स्थानीय युवा वृक्षारोपणमा

वृक्षारोपणमा स्थानीय, विद्यार्थी, राजनीतिक कार्यकर्ता, बर्द बहादुर गण-नेपाली सेना, प्रहरीहरुले उत्साहजनकरुपमा सहभागीता देखाउनुभएको थियो । जिल्ला वन कार्यालय काठमाडौंबाट प्राप्त १० प्रजातिका पाँच हजारभन्दा बढी विरुवाहरु रोपिएको थियो । मुड्खु भन्ज्याङ्ग टोल विकास समितिका सचिव शिव सापकोटाको अनुसार आगामी दिनमा सो क्षेत्रमा लगाइएका विरुवालाई हुर्काउन र त्यस क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व रहित पार्क निर्माणमा जोड दिने बताउनुभएको छ । ❑

Students can aware in conservation



Sandhya Shah
Class-10
Aagaman Academy, Balaju

We know that the earth is the home of innumerable animals plant and Microarganisms. These living beings are classified into various categories for the conveniencee of study. There is diversity even amont these speces. Biodiversity is composed of two words bio & diversity which means living beings & difference respectively. Hence, it refers that vareity & variation in ecosystem where organism play an important role to balance this whole ecosystem. Variety of earth's animals, plants & microbe species of genetic differences within species & of esocystem is the Biodiversity. Its importance is for ecological stability. There are 3 type of biodiversity which includes species, ecosystem & genetic diversity. Ecosystem diversity is an essential element of total biodiversity. It causes variation in adaption wheres genetic diversity includes genetic differences within each species & species diversity refers to the variety of living species.

There are many importance of biodiversity. It is important in agriculture production, animal production, plant production, Imporvement in Breeds, Soil conservation, watershed conservation, Tourism & economic development, Environmental balance, existence of Natural ecosystem and so on. There are may importance as well as threats of biodiversity. It degrades the ecosystem, loss of habitat, loss of mobility, Reduction in expansion of vegetation. So, To reduce this threats various conservation programs have been done by government as well as non governmental organization.

Being a citizen of Nepal it is the prime duty of students to conserve bio-diversity. Students can play unique role in conserving biodiversity. First, we should gather the knowledges about biodiversity so that it can be helpful to raise awareness campaign. We can impleament "3R- principle" which means Reduce Reuse & Recycle. We reduce the usage of resource. We can't stop using the resources but we should reduce the usage of resource. Reuse - Reusing the resources like plastic, bottles, papers etc & we should recycle the resource. We should not use them indiscriminately. Next, we can do sanitation program which is helpful for home and society and so on. We can be an example in the society so that people in the universe take proper care for the preservation of biodiversity. Students can aware the local people in their society about the biodiversity, threats of it & ways to mitigate the threats.

Its our prime duty to conserve this nature gifted biodiversity to save the earth. Standing up & being an example in schools, their homes & their communities is good place to start the solution to conserve biodiversity. Pollution lead to the destruct of biodiversity and students can aware people to control pollution & do afforestation program.

❑

प्राकृतिक सम्पदाले भरिपूर्ण

राम लामा
कक्षा-११
श्री सहयोगी उच्च मा.वि., गोकर्णेश्वर

नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण रहेको एउटा सानो राष्ट्र हो । यहाँ धेरै प्रकारका प्राकृतिक सौन्दर्यहरु रहेका छन् । त्यसमध्ये वनसम्पदा अथवा वनजंगल एउटा महत्वपूर्ण प्राकृतिक सौन्दर्य हो । हाम्रो देशको प्रचलनमा रहेको हरियो वन नेपालको धन भन्ने उक्ति विनाश हुँदै गएको छ । वर्तमान अवस्थामा धेरैजसो वन विनाश हुनुको महत्वपूर्ण कारण वन डढेलो हो ।

वन डढेलो भन्नाले हाम्रो देश र समुदाय वरिपरि रहेको वनमा आगो लाग्नुलाई भनिन्छ । वन डढेलो हाम्रो देशको प्राकृतिक सौन्दर्य हटाउनुको महत्वपूर्ण कारण हो । यस्ता आगो लागी वा वन डढेलो नियन्त्रण गर्नु अति आवश्यक रहेको छ । वन डढेलो लागेमा हाम्रो देशको प्राकृतिक सौन्दर्य हराउँछ र साथै यसले मानवजातिको सृष्टिलाई पनि असर पार्न सक्दछ । डढेलोबाट वनलाई बचाएर हाम्रो देशको प्राकृतिक सौन्दर्य बचाउन सकिन्छ ।

वन डढेलो लाग्नुका थुप्रै कारणहरु रहेका छन् । वन डढेलो लाग्नुमा प्राकृतिक र मानवीय कारणहरु प्रमुख कारणहरु हुन् । वन डढेलो लाग्नुका प्राकृतिक कारणहरुमा चट्याङबाट वनमा आगो लाग्नु पर्दछ । मानविय कारणहरुमा मानिसहरुले जथाभावी वा लापरवाही गरेर वनमा आगोलागी वा डढेलो लगाउनु पर्दछ । त्यसै गरी मानिसहरु वनजंगलमा गाइवस्तु चराउन वा अन्य कार्यमा जाँदा सलाईका काँटी वा चुरोटका ठुटोहरु जथाभावी फालेर विभिन्न आगलागीहरु लगाउने गर्दछन् । यी जस्तै अन्य थुप्रै कारणहरु रहेका छन् वनजंगलमा आगोलागी हुनुमा ।

वन डढेलो वन आगलागीको थुप्रै असरहरु रहेका छन् । वनडढेलोको कारण वातावरणीय पर्यावरणमा निकै ठूलो असर परेको छ । यसले गर्दा विभिन्न प्रकारका वातावरण प्रदुषण भई मानवीय स्वास्थ्यमा ठूलो असर परेको छ । यसले गर्दा विभिन्न प्रकारका स्वासप्रश्वास सम्बन्धि रोगहरुको लागेको पाइन्छ । वन डढेलोको कारणबाट समुदायका विभिन्न वस्तीहरु देखि लिएर प्राकृतिक सौन्दर्यलाई पनि नष्ट पारेको छ । यति मात्र नभई वन डढेलोबाट मानविय क्षति हुनुका साथै यसले वायुमण्डलमा रहेको ओजोन तहलाई पनि नष्ट पारेको छ । यस्ता वन जंलगमा हुने आगलागी वा डढेलोबाट प्राकृतिक देखि लिएर मानव जातीसम्म असर पारेको छ ।

वन डढेलोका विभिन्न असरहरुबाट बच्नका लागि राष्ट्रको विभिन्न ठाउँमा मात्र नभई विश्वमा समेत यस सम्बन्धि सुझावहरु दिन नितान्त आवश्यक रहेको छ । यसका लागि विभिन्न समुदाय र देशको स्थानीय स्तरमा नजवंगल संरक्षण सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक रहेको छ । यति मात्र नभई युवा वर्गहरुलाई यस सम्बन्धि सक्रिय बनाउन आवश्यक छ । वन डढेलोबाट जोगिन चेतना जगाउनु पर्दछ ।

माथिका विभिन्न तर्कहरुबाट के स्पष्ट हुन्छ भने हाम्रो देशमा रहेको विभिन्न वनजंगल डढेलो बाट जोगिन समुदाय, राष्ट्र र सरकारले विभिन्न क्षेत्रमा वनको संरक्षण सम्बन्धि कार्यहरु विकेन्द्रिकरण गर्नुपर्छ । यसबाट नै राष्ट्र माथि उठ्न सक्छ ।

❑

How can we conserve biodiversity ?




Sunil Mahat
Class-10
Aagaman Academy, Balaju

Biodiversity is composed of two worlds 'Bio' & diversity. Bio means living beings & diversity means variation or difference. So, diversity refers to the variety of living beings on earth. As we know that biodiversity day is started to celebrated from 22 May,1994. Being a small country, we can find huge diversity in Nepal. 867 types of birds, 185 types of fish, 653 types of butterflies, more than 3966 butterflies flying at night time, more than 5000 insects, more than 6000 flowers are found in Nepal. Biodiversity is very much important in our life. There is a great relationship between development of mankind and biodiversity.

The earth's biodiversity is in grave danger. Human beings itself causes of destruetion of the earth's biodiversity. The ecosystems of earth's adversely affected by human activites like fire in forest, destruction of forest and so on. Similary mixing of waste materials into the source of water affects water ecosystem. Using insectised / pesticide in agricultural land, destroying forest and natural resources for fulfilling their needs. There are the activities done by human in the environment which affect biodiversity of the nature. These types of activites should stop in order to save biodiversity. Students should conduct awareness program to spread knowledge in different parts of country. Students should provide the knowledge of biodiversity which helps in conservation program. People should know about what types of conservation is suitable for the conservation. Inorder to conserve biodiversity not only we student whole people living in the earth should take proper care for the preservation i.e the human being should prevent the degradation for destruction of the habitats. It is good to start from our family to conserve the biodiversity in order to start from the world.

Student can do street dramas, poster, pampleting and publishing wall paper magazine in school and community. Practically we can involve in afforestaion and sanitation program in our school and society. we can celebrate our birthday by planting tree in our society. We can establish eco club and organize different interaction program for the conservation activities. ❑




जीवित ग्रह संरक्षणमा विद्यार्थीको भूमिका



दिपेन्द्र फुयाँल
कक्षा-१०
श्री कालीकाशरण मा.वि., तिनपीपले

ब्रहमाण्डमा केवल पृथ्वीमा मात्र जीवको अस्तित्व रहेको छ। त्यसैले यसलाई जीवित ग्रह पनि भनिन्छ। यसमा मानिस मात्र नभई जीव जन्तु, पशुपन्छी, विविध वनस्पती र सुक्ष्मजीव आदि पर्दछन्। जसलाई जैविक विविधता पनि भनिन्छ। जैविक विविधतालाई तीन भागमा विभाजन गरिएको छ । पहिलो पारि स्थितीक प्रणाली, दोस्रो वंशाणुगत प्रणाली र तेस्रोमा प्रजातीगत गरी तीन भागमा विभाजन गरिएको पाइन्छ । र जैविक विविधताको महत्व धेरै छ । मानिसले गर्ने विकास र जैविक विविधता एक आपसमा अन्तरसम्बन्धित भएकाले मानिसका लागी जैविक विविधताको निकै महत्व रहेको पाइन्छ । जैविक विविधताको महत्व मानिसको गाँस, वास, जीवन शैली सामाजिक गतिविधि, आर्थिक पक्ष आदिसँग समेत गासिएको छ । मानिसलाई चाहिने विभिन्न वस्तुहरु पनि जैविक विविधतामा आधारित हुने भएकाले यसलाई मानविय पूर्तिको स्रोत पनि भनिन्छ । कृषि जन्य उत्पादन, पशुजन्य उत्पादन, वनस्पतीजन्य उत्पादन, प्राकृतिक सौन्दर्यता र पर्यटन विकासमा समेत यसले मद्धत पुऱ्याउँछ।

आज हाम्रो देशमा जैविक विविधतामा नै संकट उत्पन्न भएको छ । आधुनीक विकास क्रममा मानिसका क्रियाकलाप तथा प्राकृतिक धरातलमा भौगोलिक परिवर्तनका कारणले गर्दा जैविक विविधतामा ठुलो ह्रास आएको छ। जसमा विशेष गरी जैविक स्रोतको अत्याधिक दोहन हुनु पनि एक कारण हो । नेपालमा पाइने ८६७ जातका चराहरुमध्ये दुई तिहाई चराहरु घट्दै गएको छ । आई.यु.सी.एनको रेड लिस्टमा विश्वमा विस्तारै लोप हुँदै गरेका बोटविरुवा तथा जन्तुहरु धेरै नै छन्। नेपालमा पाइने चराहरु मध्ये ३१ जातका चराहरु लोप हुने सूचीमा परेका छन्। त्यसकारण यस्ता जीवजन्तु, पशुपन्छी आदी लोप हुन नदीन कम्तीमा हामीले जैवीक विविधताको संरक्षण गर्नु पर्दछ । जैविक विविधताको संरक्षण भनेको सम्पूर्ण जीव तथा वनस्पतिहरुको संरक्षण गर्नु हो । तीनलाई आवश्यक पर्ने वाँसस्थानको र वंशाणु गुणको संरक्षण गर्नु हो । ❑



जैविक विविधता संरक्षण विद्यार्थीको भूमिका



कविरा अर्याल
कक्षा-१०
जितपुर मा.वि., तारकेश्वर

जैविक विविधता भन्नाले प्रति एकाइ वर्गमा विद्यमान जीवाणु वशाणु प्राणी र त्यहाँको परिस्थितिक प्रणालीलाई जनाउछ । जैविक विविधता शब्द सन् १९८० बाट प्रचलनमा आएको हो । शुरुमा सन् १९९३ डिसेम्बर २ ९ बाट जैविक विविधता दिवस मनाउन थालीए पनि पछि आएर मे २२ मा यो दिवस मनाउन थालिएको हो । सन् १९९९ जुन १३ मा रियो सम्मेलनले जैविका विधिता महासन्धी पारित गरेको थियो । जसमा १५५ देशले हस्ताक्षर गरेका थिए । भौगोलिक दृष्टिकोणले नेपालले विश्वको ०.०३ प्रतिशत ओगटेको भएता पनि जैविकत विविधताको दृष्टिकोणले नेपाल २५ औं स्थानमा र एसियाको ११ औं स्थानमा पर्छ ।

पृथ्वीमा भएका जीव जन्तु र वनस्पतिहरुको संरक्षण र र्सवधर्न गर्नका लागि CITES लगायत विभिन्न संघसंस्था स्थापना भएका छन् । नेपालले जैविक विविधता महासन्धीमा वि.सं २०५० फागुन ९ गते हस्ताक्षर गरेको हो । मुख्यतया जैविक विधितालाई तिन भागमा विभाजन गर्न सकिन्छ । (क) प्रजाती विविधता (ख) वंशाणु विविधता (ग) पारिस्थितक विविधता । विभिन्न वनस्पति वा जीवहरु एक अर्कोमा फरक हुनुलाई प्रजाती विविधता भनिन्छ । यस भित्र प्रजाती अनुसारको संख्यात्मक गणना पनि हुन्छ ।

वंशाणु विविधता अन्तरगत प्रजाती एंवम उपप्रजाती भित्रको संम्पूर्ण गुणहरुको समुह किसिम तथा फरक पनलाई वंशाणु विविधता भनिन्छ । पारिथितिक प्रणाली विविधता अर्न्तरगत जीवजन्तु र वातावरण विचको अन्तर सम्बन्ध पर्दछ । विश्वमा हाल भैरहेको विज्ञान र प्रविधिको होडबाजीका कारण पृथ्वीको उष्णता (Global warming) बढ्नुका साथै कार्बनको उत्सर्जन एवं विभिन्न विशक्त ग्याँसहरुको उत्पादन, आणविक हातहतियारको परिक्षण जस्ता क्रियाकलापले जलवायु परिवर्तन भएको छ । यी कुराको बारेमा अध्ययण गर्न र बुझ्न सक्ने वर्ग भनेको हामि विद्यार्थी वर्ग पनि हौं । जैविक विविधताको संरक्षणमा विद्यार्थीहरुको भूमिका अतुलनिय हुन आउँछ । हामी विद्यार्थीहरुले जैविक विविधताको संरक्षणमा भएका प्रयासहरुलाई पनि पालना गरी समुदायमा जनचेतना फैलाउन आवश्यक छ । मान्छेहरुले आफ्नो स्वार्थ पूर्तिका लागि दिन प्रतिदिन वातावरण विनाशका कार्यहरु र वन्यजन्तुहरुको चोरी शिकारी तथा पैठारी कार्यहरु गरिराखेका छन् । यस्ता कार्यहरुलाई विद्यार्थीहरुले नियन्त्रण गर्न जरुरी रहेको छ । मानिसहरुको चेतना तथा स्वार्थले गर्दा आज विभिन्न जनावर तथा वनस्पतीहरु लोप हुदै गएका छन् । काँडेभ्याकुर, एक सिङ्गे गैडा, हाब्रे, चरी बाघ तथा यार्सागुम्बा, लोठ सल्ला, चाप जस्ता बहुमूल्य वनस्पतिहरु नासिदै गएको पाईन्छ । भविष्यमा सन्ततीहरुलाई यीनिहरुको बारेमा अध्ययन अनुसन्धान गर्नका लागि पनि संरक्षण गर्ने प्रमुख दायित्व हामी विद्यार्थीहरुको हो ।

नेपाल जैविक विविधताको धनि मुलुकको सूचीमा पर्दछ । यस कारणले पनि विश्वका धेरै पर्यटकहरुलाई नेपालमा भित्र्याई राष्ट्रको अर्थतन्त्रलाई सुदृढ गर्न सक्छौ । यी विविध कारणले गर्दा पनि हामी जस्ता विद्यार्थीहरुले आफु बाचौं र अरुलाई बचाउँ भन्ने सिद्धान्तमा आधारित भएर जैविक विविधताको संरक्षण गर्न आवश्यक छ । ❑

भावी पुस्ताको लागि जैविक विविधता संरक्षण



पूर्णिमा अर्याल
कक्षा-१०
कालिकाशरण मा.वि., तिनपीपले

सामान्य भाषामा भन्नुपर्दा जैविक विविधता भनेको वातावरण र प्राकृतिक विचको सम्बन्ध हो । जहाँ विभिन्न वन्यजन्तु, वनस्पति र सुक्ष्म जीव बिचको अन्तर सम्बन्ध वा उनको विविधतालाई जनाउँछ । विद्यार्थी भविष्यका कर्णधार हुन जस्ले आफुले आर्जन गरेका ज्ञान देश विकास गर्न सहयोग पुऱ्याउछन् ।

नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण देश हो । यहाँ विभिन्न जातका वनस्पति, वन्यजन्तु लगायत सुक्ष्म जिवहरु पाइन्छन् । नेपालको भौगोलिक अवस्था, हावापानी र विभिन्न वन्य जन्तुको वासस्थान छ । अन्य राष्ट्रमा नपाईने जीव काँडेभ्याकुर तथा केहि वनस्पति सजिलै हाम्रो देश नेपालमा प्राप्त गर्न सक्छौं । यहाँका विभिन्न राष्ट्रिय निकुञ्ज, आरक्ष क्षेत्र लगायत अन्य संरक्षण क्षेत्रमा देशको प्राकृति साधन वा वन्यजन्तुको संरक्षण गरेको पाइन्छ । यसैले पनि जैविक विविधताको संरक्षण गर्नु पर्छ ।

हामीले जैविक विविधताको संरक्षण गर्यौं भने हाम्रा भावी पुस्ताले देख्न सक्छन । पर्यटन विकास गर्न कृषि उत्पादन, आर्थिक विकास गर्न साथै यसले भू-संरक्षण, जल-संरक्षण, प्राकृतिक सौन्दर्यता बढाउन सहयोग पुऱ्याउछ । देशका प्राकृतिक अवस्था र समाजमा वातावरण सन्तुलन गर्न ठुलो भूमिका गर्छ । वैज्ञानिकहरु लगायत विद्यार्थीलाई अध्ययन र अनुसन्धान गर्न पनि यसले सहयोग पुऱ्याउछ ।

नेपाल जैविक विविधताको दृष्टीकोणले धनी मानिन्छ। मानव जीवन र जैविक विविधता विच घनिष्ट सम्बन्ध रहेको पाइन्छ । भनिन्छ मानिस, सामाजिक, चेतन शील प्राणी हो । यसले वातावरणलाई संरक्षण गर्छ भने वातावरणमा रहेका स्रोतसधानलाई अत्याधिक मात्रामा प्रयोग गर्नाले नै वातावरण विनाश पनि हुन्छ । मानिसले प्राकृतिक स्रोतको विनाश नाफा आर्जन गर्न,समाजमा रहेका व्यक्तिहरुले घर, गोठ बनाउन, सेउला, घास, दाउरा काटन, घरायसी प्रयोग गर्ने जस्ता कारणले गर्दछन् । जस्ले गर्दा बातावरणमा नकारात्मक असर पर्दछ जस्तैः वातावरण प्रदुषण भएर अक्सिजनको अभाव भई स्वास्थ्यमा हानी पुऱ्याउँछ, वातावरणका सौन्दर्यता घटाउँछ, विभिन्न रोगलाई निम्त्याउछ, विभिन्न जनावर जस्तै हाब्रे, अजिङ्गर तथा बनस्पतिहरु चापँ, जटामसी आदि लोप हुदै जान्छन् । त्यतिमात्र नभई जंगलि जनावरको विभिन्न अंगहरुको अवैध व्यापारमा लागेर प्राकृतिक सौन्दर्य नष्ट हुन पुग्दछ । त्यसका लागि उचित कानुनी व्यवस्था अपनाई संरक्षण कार्यमा जोड दिनु पर्दछ ।

यसका लागि हामि विद्यार्थीको भूमिका महत्वपूर्ण हुन्छ जस्तैः

- जनचेतना मुलक कार्य गर्ने ।
- आर्जन गरेका ज्ञानको सदुप्रयोग गर्ने ।
- वाल कल्व गठन गर्ने ।
- वातावरणमा प्रभाव नहुने गरी विभिन्न जनचेतना मुलक कार्यमा सहभागी हुने ।
- गाँउ, वजार, हर क्षेत्रमा प्रत्येक परिवार र अग्रसर हुनका लागि आव्हान गर्ने ।
- लोप हुन लागेका जनावरको संरक्षण गर्नका

लागी वन्नु या वातावरण अनुसन्धान र अध्ययन गर्न स्कुलबाट हुने शैक्षिक भ्रमणमा जादा मानव निमित्त ठाउँहरु भन्दा बढी प्राकृतिक स्थानमा जाने ।

- समय समयमा वृक्ष रोपन गर्ने ।
- लेख रचना आदिबाट प्रसार गर्ने ।
- दिगो प्रयोगमा जोड दिन ।

यति भन्दै महाकवि लक्ष्मी प्रसाद देवकोटाको निम्न अंश मनन एवं पालन गर्न हामि सबैले प्रण गर्न सके पक्कै पनि संरक्षण कार्यमा टेवा मिल्दछ ।

"जान्छु म त है नेपाल वन
अझ छ उहाँ निर्मल पन
मानव, शिशुको प्राकृतिक धन
अर्थ अलौकिक वन जीवन"

❑

वातावरण जोगाउने दायित्व मानिसकै हातमा



कान्ति बुढाथोकी
कक्षा-१०
एन्जलस हर्ट मा.वि., मनमैजु

"जैविक विविधता"मा जैविकको अर्थ जीवन भएको र विविधता भनेको तिनिहरुमा रहेको अनेकता भन्ने बुझिन्छ । जैविक विविधता सरल रुपमा हेर्ने हो भने हामी वरिपरिको वातावरण तथा परिवेश हो । यस विविधता तथा वातावरण भित्र धुलोका स-साना कणहरु देखी ठुला माटाका ढिक्का सम्म, सानो कुवा देखि आँखाले नभ्याउने समुद्रसम्म, सुक्ष्म किटाणु देखि विशाल निला ह्वेल सम्म सबै पर्दछन् । यस अर्थमा जैविकलाई जिवन प्रदान गर्न ढुङ्गा, माटो, ध्वनी, पानी, अक्सिजन, हावा आदि सबैको महत्व छ । यी सबैको नङ र मासु जस्तै सम्बन्ध जोडिएको छ । सृष्टिको शुरुआत देखि नै मानव, अन्य प्राणी र वनस्पतिका बीच घनिष्ठ सम्बन्ध रहिआएको छ । हेर्नेहो भने सर्पले टोकेपछि मानिसको जीवन समाप्त हुन्छ तर जीवन प्रणालीमा हेर्‍यौं भने त्यस सर्प विना यो प्रणाली स्थिर रहँदैन । सर्पले यस वातावरणका दुषित कणहरुलाई लिन्छ र स्वच्छ हावा फाल्छ, त्यो सर्प अब हाम्रो दुष्मण कि साथी ? यसैगरी हामी सबै विद्यार्थी हौं । विद्यार्थी भन्नाले विद्यालय र कलेजमा पढ्ने छात्रछात्रा भन्ने बुझिन्छ । विद्यार्थी भनेको विद्या आर्जन गर्ने मानिस हो । हामीले औपचारिक रुपमा विद्यालय गएर ज्ञान लिए पनि हाम्रो अनौपचारिक विद्या आर्जन भने जन्मदेखि हुन्छ भन्नुको अर्थ आमाको काखदेखी हुन्छ । विद्यार्थी सबैभन्दा राम्रो संवाहकका स्रोत हुन् । आजका विद्यार्थी नै भोलि गएर कुशल प्रशासक, शिक्षक, डाक्टर, इन्जिनियर आदि बनेर चौतर्फी विकास गर्दछन् ।

संसारका प्राणीहरुमध्येको विवेकशील प्राणी मानिस नै भएकाले वातावरणलाई जोगाउने दायित्व उसकै हातमा छ । विद्या आर्जन जीवनभर चल्ने प्रकृया हो यसैले हामी प्रकृतिबाट टाढा रहेर बस्नु सक्दैनौं । प्रकृतिले प्रदान गरेको स्वच्छ वातावरणकै भरमा मानिसको जीवन अडेको छ । तर हामी आफैले जैविक विविधताको मूल्य, मान्यतालाई दिगो बनाउन सकेका छैनौं । मानिसले भौतिक उन्नति गर्ने क्रममा प्राकृतिक वातावरण तथा जैविक प्राणीको साझा घर पृथ्विको स्वच्छतामा खलल पुऱ्याइरहेको छ । यसैले जैविक विविधताको महत्वलाई आत्मसात गरि हामी विद्यार्थीले यसको संरक्षणमा पहल गर्नु पर्दछ । ❑

जीव संरक्षणका लागि विद्यार्थी



बिन्दु राना
कक्षा-१०
श्री पुरानो गुहेश्वरी मा.वि., गोलढुंगा

पृथ्वीमा हामी मानिस लगायत वनस्पति, पशुपन्छी, सुक्ष्मजीव आदि करौंडौ जीवात्मा छन् । तिनीहरुबिच एकआपसमा विविधता छ । तिनीहरुको विविधता तथा परिस्थीतिक प्रणालीहरुको किसिमलाई जैविक विविधता जनाउँछ । यो वंशाणुगत तथा प्रजातीय विविधता हो । कुनै स्थानको जैविक विविधता भन्नाले प्रतिएकाइ वर्गमा विद्यमान जीवाणु, वंशाणु, प्राणी र त्यहाँको परिस्थीतिक प्रणालीलाई जनाउँछ ।

जैविक विविधताको संरक्षण भनेको सम्पूर्ण जीवहरुको संरक्षण गर्नु हो । तिनलाई आवश्यक पर्ने वासस्थानको संरक्षण गर्नु हो र तिनको वंशाणु गुणको पनि संरक्षण गर्नु हो । जीवहरुको संरक्षणका लागि विद्यार्थी मात्र नभई सबै मिलि यसको वाँसस्थान र पारिस्थितिक प्रणालीको संरक्षण गर्नुपर्छ । हामी विद्यार्थीहरुले मिली संरक्षणात्मक कार्य गर्दा तिनीहरुको सङख्या र गुण दुवै विकास हुन्छ । यसका लागि विद्यार्थीले अनुकुल वातावरण सिर्जना गर्नु पर्दछ । विद्यार्थीहरु मिलि संरक्षण सम्बन्धी नियम कानुन आदिको ज्ञान प्रदान गर्न चेतना अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

हाम्रो धर्म तथा परम्परामा पिपल, वर, तुलसी, बेल, कमल, रुद्राक्ष, विभिन्न किसिमका फूलहरु आदिको धेरै महत्व छ । त्यस्तै सिंह, हात्ती, बाघ, मृग, बाँदर, कछुवा, मुसा आदि पशुपन्छीहरु पनि धार्मिक दृष्टिले महत्वपूर्ण छन् । तसर्थ जैविक विविधताको संरक्षणमा हामी विद्यार्थीको महत्वपूर्ण भूमिका हुन्छ । वनस्पति, पशुपन्छी, प्राकृतिक स्रोत आदिको उपयोग मानिसले गर्दछन् । उपभोक्ताहरुले तिनको उपयोग क्रमशः कटौती गर्नु पर्दछ । उनीहरुले पुनः प्रयोगमा विशेष जोड दिनुपदर्छ । आफ्नो स्वार्थ पुरा गर्न तिको अस्तित्व नै विनाश गर्ने भावना त्याग्नुपर्दछ । त्यसैले उपयोग गर्दा संरक्षणात्मक भावनालाई आत्मसात गर्नु पर्छ । यसले जैविक विविधता संरक्षणलाई दिगो पार्दछ ।

Rampithecus Park



जे हवार्ड हटचिसन र उनको टोलीले सन् १९७९ देखि १९८२ सम्म बुटवलको तिनाउ खोलामा 27°44' N र 83°28' E मा फेला परेको दाँतको नमूना नै मानव पुर्खा रामापिथेकसको हो भनी प्रमाणित । यो जिवावशेष एक करोड दशलाख वर्ष पुरानो मानिन्छ ।

कोशीका डल्फिन घाइते



माधव पौड्याल
शिक्षण सहायक, भक्तपुर मल्टिपल क्याम्पस



कोशीको डल्फिन, फोटो साभार: ग्रान्ट एवेल

क्यालिफोर्नियाको युनिभर्सिटी अफ एरिजोनाबाट नेपालका डल्फिनबारे विद्यावारिधी गरिरहेका शम्भु पौडेलको अध्ययनले कोशीका डल्फिन घाइते अवस्थामा रहेको पाइएको छ । 'धेरैजसो डल्फिनको छालामा दाग भेटिएको छ, छालाको रंग खुइलिएको छ ।'

कोशी ब्यारेजदेखि दक्षिणतिर ६ किलोमिटरसम्म शम्भु पौडेल र उनका सहयोगी ग्रान्ट एबेलले २०१३ र २०१४ मा अध्ययनका क्रममा ब्यारेजभन्दा तल १४ वटा डल्फिन भेटेका थिए । उनीहरुको अध्ययनले केही डल्फिनका चुच्चो समेत भाँचिएको पाइएको छ । 'तलमाथि बराबर हुनुपर्ने डल्फिनका चुच्चो भाँचिएका छन्,' उनले भने, 'केहीका शरीरमा सेतो घाउ र कालो धब्बाहरु देखिन्छन्, धेरैजसो डल्फिन निरोगी छैनन्, 'धेरैजसो डल्फिनको छालामा दाग भेटिएको छ, छालाको रंग खुइलिएको छ ।'

बढ्दो तापक्रम, पानीको स्वाद बदलिनु र पानीको बहाबका साथै माछा मार्न हालिएको जालको असर कोशीका फ्रेस वाटर डल्फिनले झेलिरहेको पौडेलेको निष्कर्ष छ । 'मानवीय गतिविधिले तिनको परम्परागत वासस्थान खलबलिएको छ, बाँच्नका लागि बढी संघर्ष गर्नुपर्ने देखिन्छ । अध्ययन अनुसार विगतमा मानिसको नजिक नआउने डल्फिन अहिले मानिस र वस्तीको छेउछाउमै देखिन थालेका छन् । माछा मार्न नदीमा हालिएको जाल वरिपरि नै डल्फिन देखिएका छन् । डल्फिनको आनिबानी बदलिएको देखिन्छ, डल्फिन स्वार्थी र अल्छि भएका छन् । मान्छेले थापेको जालमा परेका माछा खान त्यस वरिपरि नै घुम्ने गरेको उनीहरुको अध्ययनमा उल्लेख छ ।

उनका अनुसार नदीमा बाँधजन्य समस्या र मानवीय गतिविधि बढेपछि डल्फिनलाई आहार खोज्नसमेत सकस परेको छ । जाल हालेर माछा मार्न थालेपछि आहारका लागि डल्फिनले संघर्ष गर्नुपर्ने भएको छ । विगतमा कोशीटप्पु वन्यजन्तु आरक्ष अर्ना र डल्फिनका लागि विख्यात भए पनि अहिले डल्फिन संकटमा पर्दै गएको उनको अध्ययनले गरेको छ । आरक्ष उत्तरतिर भन्दा दक्षिणतिर विस्तार गर्न सकिए नदीजन्य गतिविधि रोकिन गई डल्फिन सुरक्षित बन्न सक्ने उनको तर्क छ । फ्रेसवाटर डल्फिन नदीको इकोसिस्टमको अवस्थाबारे जानकारी दिने सूचक पनि हुन् । नदी फोहोर भयो भने डल्फिन लोप भएको मान्न सकिने विशेषज्ञहरुको भनाई छ ।

आइयूसिएनको रातो सूचीमा सूचिकृत डल्फिन नेपालको कानुनमा संरिक्षत सूचीमा छन् । कोशीबाहेक कर्णाली, नारायणी र महाकाली नदीमा पनि डल्फिन पाइने स्थान भएपनि महाकाली नदीमा भने सन् २००० पछि देखिएको छैन । ७ वर्षपछि वयस्क हुने स्तनधारी डल्फिनले एकदेखि दुईवटासम्म बच्चा जन्माउँछ ।

साभार: कान्तिपुर, अन्नपुर्ण पत्रिका, गुगल

मृत वन्यजन्तुको अंग खरानी भए



बिराज पुन
एन्जेल्स हर्ट मा.वि., मनमैजु

वन्यजन्तुको मार्ने र तीनका अंगको तस्करी गर्नेलाई ति अंगको कुनै मुल्य छैन, वन्यजन्तुका अंगबाट कुनै पनि औषधि लगायत कुनै पनि प्रयोजनमा प्रयोग हुदैन भन्ने सन्देश दिन २० वर्षपछि वन मन्त्रलायले ४ हजार थान वन्यजन्तुको अंग एकैपटक जलाएर खरानी बनाइदिएको छ । जैविक विविधता र दिगो पर्यटन नारा दिइ मनाईएको अन्तराष्टिय जैविक विविधता दिवसकै दिन जेष्ठ ८, २०७४ सरकारले यस्तो महत्वपूर्ण काम गरेको हो ।



वन्यजन्तुको आखेटोपहार जलाइँदै, फोटोः कान्तिपुर

मुलुकका विभिन्न स्थानबाट तस्करी हुने क्रममा बरामद गरि टिकौलीस्थित सशश्त्र वन तालिम केन्द्रमा राखिएका विभिन्न वन्यजन्तुका १७३९ थान र निकुञ्ज मुख्यालय कसरमा थुपारिएका २२७३ सहित कुल ४ हजार १२ थान वन्यजन्तुका अंग जलाईएको हो । संरक्षणकर्मी, संरक्षणमा सहयोगी दातृ निकायका प्रतिनिधि, वन्यजन्तु संरक्षण र अवैध व्यापार नियन्त्रणमा काम गर्ने राष्ट्रिय, अन्तराष्ट्रिय निकाय, विशेषज्ञहरु, स्थानियबासी र सञ्चारकर्मीको उपस्थितिमा आखेटोपहार जलाइएको हो ।

एकसिंगे गैंडाका ३५७ थान खाग, बाघका ६७ थान छाला, हात्तीको पुच्छरको ३५४ थान रौं, कस्तुरीको विना ३४ थान, चिरु (साहतुस) को रौं ४२ पोका र सालकको दुई पोका खपटा पनि खरानी पारियो । नष्ट गरिएका अंगहरुमा ध्वासे चितुवाको छाला एक थान, हिउ चितुवाको छाला एक थान, हाब्रेको छाला ४७ थान, चितुवाका छाला ४ सय १८ थान, भालुको पित्त १५ थान छन् । जलाइएका वन्यजन्तुका अंगमा साईटिस अनुसुची १ का १८ प्रजाति, अनुसुची २ र र ३ का ४ र अन्य प्रजाति २२ गरी ४८ प्रजातिका आखेटोपहार छन् । बाघको छाला ५, गैंडाका खाग १०, कस्तुरीको विना ४, हाब्रेको छाला २, हिउ चितुवाको छाला १ थान र चिरु (साहतुस) को रौं १ पोका भने सुरक्षित राखिएको छ । हात्तीको १ एक हजार १ सय किलो दाह्रा भने जलाइएको छैन । दाह्रा जलाउन आवश्यक पर्ने तापक्रम (९ सय डिग्रि) बनाउन नसकिएकाले नजलाइएको हो ।

बरामद गरिएका सामुन्द्रिक घोडा (सि हर्स), चिरु (साहतुस) लगायतका वन्यजन्तुका अंग पनि जलाइएको तबचब मुद्दा चलिरहेका वन्यजन्तुका अंग नष्ट गरिएको छैन । ती सबै कसरास्थित् निकुञ्जको मुख्यालयमा सुरक्षित राखिएको छ। विभागका अनुसार टिकौली र कसरामा थुपारिएका धेरैजसो आखेटोपहार २०५४ सालपछिका हुन् । हृदयेश त्रिपाठी वनमन्त्री रहेका बेला २०५४ सालमा कुहिएका, गन्हाएका, मक्किएका र कामै नलाग्ने अवस्थामा पुगेका केही आखेटोपहार २०५४ चैत ९ मा जलाइएको थियो । दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तराष्टिय व्यापार नियन्त्रण सम्वन्धि महासन्धि (साईटिस) को

कोप १५ को घोषणापत्रमा समेत आखेटोहार नष्ट गर्न सकिने व्यवस्था छ । निकुञ्ज ऐन २०२९ को संशोधन गरी वन्यजन्तुका अंग नष्ट गर्ने व्यवस्था समेटिएको छ । संशोधित निकुञ्ज ऐनमा अनुसन्धान वा शैक्षिक प्रदर्शनीका लागि कालगतिले मरेका वा बरामद गरिएका आखेटोपहार शैक्षिक वा अनुसन्धान संस्थालाई शैक्षिक वा अनुसन्धान प्रयोजनका लागि प्रयोग गर्न दिने व्यवस्था छ ।

२०७३ असारमा अमेरिकी फिस एण्ड वाइल्ड लाईफ सर्भिसेजका प्राविधिकहरुको सहयोग लिएर वन्यजन्तुका आखेटोपहारको बारकोडिङ गर्ने काम समेत गरेको छ। विगतमा वन्यजन्तुविद् करणबहादुर शाहसहितको टोलीले आखेटोपहारबारे विस्तृत अध्ययन गरेको थियो । उक्त टोलीले पनि भण्डारण गरिएका आखेटोपहार सुरक्षाका दृष्टिले धुल्याउन सुझाव दिएको थियो । पाटेबाघ तथा चितुवाको खप्पर भएका दाह्रा, संकलित स्तनधारी वन्यजन्तुका रौं र जरायो, चित्तल, चौक, घोरल, रतुवा, चिरु र कृष्णसारको खप्परसहितको सिङलाई भने वैज्ञानिक अनुसन्धानका लागि राख्न शाह नेतृत्वको टोलीले सुझाव दिएको थियो । ❑

हिन्दु धर्ममा चराका विशेषता

प्रस्तुतीः रेखा कोइराला

हाँसः यस चरालाई पवित्रताको प्रतिकको रुपमा लिइन्छ । ज्ञान आर्जनको लागि मनुष्य को जिवनसँग सम्बन्धित छ । ज्ञान, विवेक, कलाकी देवी सरस्वतीको वाहन मानिन्छ । किनकी यो पंक्षी विवेकी मानिन्छ ।

मानिसले सिद्ध ज्ञान पाप्त गरे पछि उसले हंस (हाँस) प्राप्त गरेकी भनिन्छ भने मृत्यु भयो भने 'परमहंस' भनिन्छ किनकी यो सबैभन्दा ठूलो पद हो भनिन्छ ।

यो चरा एकान्त र शान्त प्रकृतिको समुन्द्र, पोखरीमा मात्र बस्न रुचाउँछ । यो चरा दाम्पत्य जीवनको लागि आदर्श मानिन्छ किनकी यिनहिरुको जोडा (भाले पोथी) जीवनभर एक साथ रहन्छ । यस चरालाई पिता, देवता एवं गुरु समान आदर गरिन्छ ।

मयूरः यसलाई चराहरुको पनि राजा मानिन्छ । भगवान शिवका पुत्र कार्तिकेयको वाहन मयुर हो । भगवान कृष्णको मुकुटमा समेत मयुरको प्वाँख रहेको छ । भारतको राष्ट्रिय पंक्षी पनि हो । हिन्दु धर्ममा यसलाई मार्नु महापाप सम्झिन्छ ।

कागः पाहनाु आउने सूचना तथा पितृ सम्झनाको रुपमा लिइन्छ । कयौंले भविष्यको बारेमा समेत सूचना दिने विश्वास गरिन्छ ।

उल्लूः यस चरालाई लक्ष्मीको वाहन भनिन्छ । यसले धन र सम्वृद्धि ल्याउने मान्यता राख्दछ । बाल्मीकीले रामायणमा यसलाई मुर्ख तर अत्यन्त बाठो भनी वर्णन गरेको छ । जसलाई रामले उल्लू जस्तै सावधानीपूर्वक शत्रुबाट बच्नु भन्ने सल्लाह दिएको पनि छ ।

मैनाः यसलाई बुद्ध ग्रहको कुदृष्टिबाट बच्न सक्ने, यसको चित्र मात्र घरमा राख्दा बच्चाहरुको पढाई तीक्ष्ण बन्दै जाने विश्वास गरिन्छ । कतिपयले यसलाई भविष्यवाणीको रुपमा प्रयोग गर्ने गरेका छन् र विभिन्न गीत कविता, एवं चलचित्रमा यसको प्रयोग गरेको देखिन्छ ।

परेवाः शान्तिको प्रतिक मानिन्छ । भगवान शिवले यसलाई अमर भएको आशिर्वाद दिएका छन् ।

बकुलाः बकुला अर्थात हिन्दीमा बगुला जसलाई देवीको प्रतिक बगुलामुखीसँग पनि जोडिएका छ । ध्यानमग्न भई आफ्नो काम पूरा गर्ने । यो पंक्षी रहेको ठाउँमा शान्ति एवं अकालमा मृत्यु समेत नहुने विश्वास गरिन्छ ।

भंगेराः जसको घर, आँगनमा भंगेराले वास गरेको छ उसलाई सुख शान्ति मिल्छ भन्ने विश्वास गरिन्छ ।

हरियाली रक्षक विभिन्न कार्यक्रममा



वृक्षारोपण कार्यक्रम, मुडुखु-भन्ज्याङ्ग



जनचेतना कार्यक्रम, तरूण मा.वि., बालाजु



चित्रकला कार्यक्रम, एन्जेल्स हर्ट मा.वि.



संरक्षण कार्यक्रम, इन्टरनेशनल व्हाइट हाउस कलेज



वन्यजन्तु संरक्षण, चन्द्रागिरी न.पा.



मानव वन्यजन्तु द्वन्द्वबारे अध्ययन

समानता थाहा पाउनुहोस्

